“एक बहुभाषिक पत्रिका”

# ग्रामीण

राष्ट्रिय साप्ताहिक

सुचना पाउनु सबै नागरीकको अधिकार हो ।

वर्ष ३ | अंक १६ | २०८२ श्रावण २८ गते बुधवार | Wednesday 13, July 2025 | www.graminpatrika.com | पृष्ठ ६, | मूल्य रु. २०।-

## विराटनगरमा पहिलोपटक उपप्रमुख तथा उपाध्यक्षहरूको राष्ट्रिय सम्मेलन हुने



ग्रामीण संवाददाता
विराटनगर

स्थानीय तहमा देखापरेका कानुनी अस्पष्टता, आन्तरिक द्वन्द्व न्यूनीकरण र उपप्रमुख तथा उपाध्यक्षहरूको भूमिकालाई थप स्पष्ट बनाउने उद्देश्यले विराटनगरमा पहिलोपटक उपप्रमुख तथा उपाध्यक्षहरूको राष्ट्रिय सम्मेलन आयोजना हुने भएको छ। सम्मेलन जेठ २३ र २४ गते विराटनगरस्थित विरेन्द्र सभागृहमा हुनेछ।

विराटनगर महानगरपालिकाको आयोजनामा हुन लागेको दुई दिने सम्मेलनमा देशभरका २९१ जना उपप्रमुख तथा उपाध्यक्षहरूको सहभागिता रहनेछ। सम्मेलनमा ६ महानगरपालिका, ११ उपमहानगरपालिका, तथा विभिन्न प्रदेशहरूबाट प्रतिनिधित्व हुनेछ – जसमा कोशी प्रदेशका १३६, मधेशका ७३, बागमतीका ४१ र बाँकी प्रदेशबाट प्रतिनिधिहरू सहभागी हुनेछन्।

उद्देश्य र विशेषता

सम्मेलनको उद्देश्य न्यायिक समिति, योजना निर्माण, अनुगमन र मूल्याङ्कन प्रक्रियामा उपप्रमुख तथा उपाध्यक्षहरूको भूमिकालाई प्रभावकारी बनाउनु हो। साथै, आन्तरिक राजस्व अभिवृद्धि, संघीयता कार्यान्वयन र सेवा प्रवाह प्रभावकारी बनाउने विषयमा अनुभव आदान-प्रदान गरिने उपप्रमुख शिल्पा निराला कार्कीले जानकारी दिइन्।

उनका अनुसार, सम्मेलनले वर्तमान कार्यकाल अन्त्य हुँदै गर्दा आगामी कार्यकालका लागि निर्वाचित भएर आउने उपप्रमुख तथा उपाध्यक्षलाई मार्गदर्शन दिनेछ।

विशिष्ट सहभागिता

राष्ट्रिय सम्मेलनको उद्घाटन पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले गर्नेछिन्। साथै, सम्मेलनमा संवैधानिक व्यवस्थाअनुसार विकेन्द्रित न्याय प्रणाली, वित्तीय संघीयता र स्थानीय सरकार सञ्चालनका विषयमा काशीराज दाहाल, डा. गोपिनाथ खनाल र रमेश अधिकारीले कार्यपत्र प्रस्तुत गर्नेछन्।

बजेट र व्यवस्थापन

महानगर प्रमुख नागेश कोइरालाका अनुसार, सम्मेलनका लागि ४२ लाख रुपैयाँको बजेट विनियोजन गरिएको छ, जसमा कोशी प्रदेश सरकारबाट १० लाख रुपैयाँ सहयोग प्राप्त भएको छ। सहभागीहरूको बसोबासको लागि २९१ वटा कोठा बुक गरिएको जानकारी पनि उनले दिए।

कोइरालाले संविधानले उपप्रमुख तथा उपाध्यक्षलाई दिएको जिम्मेवारी बुझ्न नसक्दा उत्पन्न भएका द्वन्द्वहरू समाधान गर्न सम्मेलनले सहजीकरण गर्ने विश्वास व्यक्त गरे।

अपेक्षित उपलब्धि

महानगर प्रमुख प्रशासकीय अधिकृत रामप्रसाद ढुंगेलका अनुसार सम्मेलनले न्यायिक निरुपण, योजना तर्जुमा, अनुगमन, मूल्याङ्कन तथा सेवा प्रवाहमा उल्लेखनीय सुधार ल्याउनेछ। साथै, सहभागीहरूबीच राम्रा अभ्यासहरूको आदान-प्रदान हुनेछ, जसले स्थानीय तहको कार्यसम्पादन थप प्रभावकारी र उत्तरदायी बनाउने अपेक्षा गरिएको छ।

## इनरुवामा सचेतता कार्यक्रममा सकृयता बढाउदै ट्राफिक प्रहरी



चन्दन कुमार रौनियार
सुनसरी

इनरुवा/ सुनसरीको सदरमुकाम इनरुवाको सखुवागाछीमा रहेको ट्राफिक प्रहरी कार्यालयले इनरुवा बजार एरिया इलाकाको बिभिन्न ठाउँहरुमा आफ्नो सकृयता बढाएको छ । इनरुवामा एकदमै ट्राफिक जाम संगै दुर्घटना हुने भएकोले गर्दा इनरुवा ट्राफिक पोस्टले हरेक गतिविधिमा जनचेतनामूलक कार्यक्रम लगायतका कार्यक्रमहरु गरदै आएका छन ।

जस्तै बजार एरियाका बिभिन्न ठाउँमा ट्राफिक जनचेतनामूलक हुडिङ बोर्ड ,अबेबस्थित पार्किङ गरेको सवारीसाधनहरु लाई हुइललंक लगाउने सामुदायिक बिधालय तथा निजि बिधालयहरुमा गएर ट्राफिक जनचेतनामूलक सन्देश तथा बिधार्थीहरुलाई जेब्राक्रसिङ बिषयमा क्लास लिने गरेको छ।

ट्राफिक प्रहरी इनरुवाले तीन पाग्रे दुई पाग्रे सवारी चालक तथा पैदल यात्रीलाई लक्षित गर्दै दुर्घटना न्यूनीकरण सम्बन्धि सचेतना कार्यक्रम सुनसरी खोलावारी ,झापालिटोल र इनरुवा दुहबी सड्क खण्डमा जनचेतनामूलक सचेतना कार्यक्रम गरेको छ।

“हर पहर गाउँ र नगरी, गाउँ गाउँमा ट्राफिक प्रहरी” मूल नाराका साथ महेन्द्र राजमार्ग इनरुवा बजार इनरुवा दुहबी सड्क खण्ड गुड्ने सिटी सफारी,अटो ट्याक्टरलगायत चालकहरुलाई दुर्घटना न्युनिकरण सम्बन्धि तथा सचेतनामुलक कार्यक्रम, ट्राफिक चेकिङको महत्त्व सम्बन्धि सचेतना दिनुका साथै चालक, सहचालक साथै सर्वसाधरण पैदलयात्री तथा सवारी चालकलाई ट्राफिक शिक्षा प्रदान गरेको थियो।

ट्राफिक प्रहरीले संचालन गरेको उक्त ट्राफिक सचेतना कार्यक्रमले ट्राफिक व्यवस्थापनमा सहज हुने तथा दूर्घट्नामा कमि ल्याउने इनरुवा ट्राफिकका प्र.ना.नी सुरेन्द्र खड्काले बताए।

## जनमत पार्टीको प्रेस जनमत संघको केन्द्रीय अध्यक्षमा अबधेश झा

ग्रामीण संवाददाता
सुनसरी

संघियता, लोकतन्त्र र गणतन्त्रमा आस्था राख्ने पत्रकारहरु सम्मिलित ‘प्रेस जनमत संघको २१ सदस्यीय केन्द्रीय तदर्थ समिति जनमत पार्टीको सचिवालय बैठक बाट गठन गरिएको छ।

पार्टीको सचिवालय सम्पन्न बैठकमा जनमत पार्टीका अध्यक्ष डा.सिके राउतको प्रमुख आतिथ्यमा भएको बैठकबाट अबधेश झा ( सप्तरी)अध्यक्षतामा २१ सदस्यीय तदर्थ केन्द्रीय कार्यसमिति गठन गरिएको छ । पार्टी अध्यक्ष राउतको अनुसार प्रेस जनमत संघ जनमत पार्टीको शुभेच्छुक संगठनको रुपमा रहनेछ । साथै संघको जिल्ला र प्रादेशिक समितिहरु पनि क्रमश: गठन हुने प्रक्रियामा रहेको जानकारी गराएको छ भने नव गठित समिति हरुलाई कार्यकालमा पार्टीले नयाँ उचाई हासिल गर्ने अपेक्षा सहित सफल कार्यकालको लागि शुभकामना व्यक्त गरेका छन।

केन्द्रीय तदर्थ समितिमा क्रमश . अबधेश कुमार झा (अध्यक्ष )सप्तरी , रामनारायण
विश्वास (सहअध्यक्ष ), ललन कुमार मण्डल (सदस्य सचिव )महोतरी ,सदस्यहरुमा जितेन्द्र खड्गा , मनोज मरबैता (धनुषा ), बिजयकुमार साह( धनुषा ) सुमित मिश्र(धनुषा )अनिल पाण्डे (बारा),केशव लुइँटेल ( काठमाडौ ) , शम्भु पण्डित(धनुषा ) शेख मोजिबुल्लाह (रौतहट ) ,मुना ठाकुर (पर्सा ) ,संजय यादव(धनुषा ) , श्यामल कुमार गिरी (बारा), बिजेन्द्रकुमार चौधरी (बारा) , विरेन्द्रकुमार साह (सिरहा ),चन्दन रजक (सप्तरी ),चन्दन रौनियार( सुनसरी ) ,भोगेन्द्र साह ,श्रीमती विमला कुमारी यादव (सिरहा) र रिना कुमारी केसी (सिरहा) रहेको छ।

नवनिर्वाचित अध्यक्ष अबधेश कुमार झाले कार्यसमिति गठनसँगै संघलाई थप क्रियाशील र प्रभावकारी बनाउने लक्ष्यसहित काम अघि बढाउने बताएका छन्।

## डाक्टर लिलि राजवंशी स्वास्थ्य अनुसन्धानको बोर्ड सदस्य



सुमन कुमारी राजवंशी
कटहरी

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्तरीय निर्णय अनुसार विराटनगरकी डाक्टर लिलि राजवंशीलाई ४ वर्षका लागि नेपाल स्वास्थ्य अनुसन्धान परिषदको बोर्ड सदस्यमा नियुक्ती गरिएको छ।

विगत १४ वर्ष देखि स्वास्थ्य क्षेत्रमा निरन्तर सेवा प्रदान गर्दै आएकी डाक्टर लिलि राजवंशी नेपाल स्वास्थ्य अनुसन्धान परिषदको बोर्ड सदस्यमा नियुक्त भएको हो । हाल विराटनगर आँखा हस्पिटल विराटनगरमा कार्यरत छिन्।

**लेटाङ्ग नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
मोरङ द्वारा

**जनहितमा जारी सन्देश**

१) सरसफाईमा ध्यान दिऊँ र घर वरिपरी बोट बिरुवा लागाऊँ ।
२) पृथ्वीमा भइरहेको वातावरण परिवर्तनको कारणले स्वास्थ्यमा हानिकारक भई जन धनमा ठुलो समस्या भएकोले वातावरण सँग खेलवाड नगरौं ।
३) सलाई, साईटर जस्ता आगो बाल्ने सामाग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठिक नभाएका व्यक्तिहरुले भेट्ने ठाउँमा नराखौ ।
४) नेपालको संविधानले जातजाती भेदभाव विरुद्ध कानुन भएकोले जातीय भेदभाव नगरौं ।
५) खाना पकाईसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्यास प्रयोगकर्ताले चुलो रेगुलेटर तथा लाईटर आदी समय समयमा निरिक्षण गरौ ।
६) चुरोट, बिडीजस्ता वस्तुहरु प्रयोग पश्चात जथाभावी आगो नफालौ र आगो राम्रोसँग निभौ ।
७) पेट्रोल, डिजेल, ग्याँस जस्ता प्रज्वलनशिल वस्तुको वरिपरि सलाई लाईटर जस्ता सामाग्रीको प्रयोग नगरौ ।
८) आगलागीका घटना भएमा तत्कालै दमकल, सुरक्षाकर्मी र संचार माध्यममा खबर गरौ ।
९) आगलागीका घटना घटेमा महिला, बालबालिका, बुद्धवृद्धा तथा अशक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं ।
१०) सडक वरिपरी पशु चौपाया छाडा नछोडौं ।

**गौरादह नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
झापा द्वारा

**जनहितमा जारी सन्देश**

१) सरसफाईमा ध्यान दिऊँ र घर वरिपरी बोट बिरुवा लागाऊँ ।
२) पृथ्वीमा भइरहेको वातावरण परिवर्तनको कारणले स्वास्थ्यमा हानिकारक भई जन धनमा ठुलो समस्या भएकोले वातावरण सँग खेलवाड नगरौं ।
३) सलाई, साईटर जस्ता आगो बाल्ने सामाग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठिक नभाएका व्यक्तिहरुले भेट्ने ठाउँमा नराखौ ।
४) नेपालको संविधानले जातजाती भेदभाव विरुद्ध कानुन भएकोले जातीय भेदभाव नगरौं ।
५) खाना पकाईसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्यास प्रयोगकर्ताले चुलो रेगुलेटर तथा लाईटर आदी समय समयमा निरिक्षण गरौ ।
६) चुरोट, बिडीजस्ता वस्तुहरु प्रयोग पश्चात जथाभावी आगो नफालौ र आगो राम्रोसँग निभौ ।
७) पेट्रोल, डिजेल, ग्याँस जस्ता प्रज्वलनशिल वस्तुको वरिपरि सलाई लाईटर जस्ता सामाग्रीको प्रयोग नगरौ ।
८) आगलागीका घटना भएमा तत्कालै दमकल, सुरक्षाकर्मी र संचार माध्यममा खबर गरौ ।
९) आगलागीका घटना घटेमा महिला, बालबालिका, बुद्धवृद्धा तथा अशक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं ।
१०) सडक वरिपरी पशु चौपाया छाडा नछोडौं ।

**बर्जु गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय
सुनसरी द्वारा

**जनहितमा जारी सन्देश**

१) सरसफाईमा ध्यान दिऊँ र घर वरिपरी बोट बिरुवा लागाऊँ ।
२) पृथ्वीमा भइरहेको वातावरण परिवर्तनको कारणले स्वास्थ्यमा हानिकारक भई जन धनमा ठुलो समस्या भएकोले वातावरण सँग खेलवाड नगरौं ।
३) सलाई, साईटर जस्ता आगो बाल्ने सामाग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठिक नभाएका व्यक्तिहरुले भेट्ने ठाउँमा नराखौ ।
४) नेपालको संविधानले जातजाती भेदभाव विरुद्ध कानुन भएकोले जातीय भेदभाव नगरौं ।
५) खाना पकाईसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्यास प्रयोगकर्ताले चुलो रेगुलेटर तथा लाईटर आदी समय समयमा निरिक्षण गरौ ।
६) चुरोट, बिडीजस्ता वस्तुहरु प्रयोग पश्चात जथाभावी आगो नफालौ र आगो राम्रोसँग निभौ ।
७) पेट्रोल, डिजेल, ग्याँस जस्ता प्रज्वलनशिल वस्तुको वरिपरि सलाई लाईटर जस्ता सामाग्रीको प्रयोग नगरौ ।
८) आगलागीका घटना भएमा तत्कालै दमकल, सुरक्षाकर्मी र संचार माध्यममा खबर गरौ ।
९) आगलागीका घटना घटेमा महिला, बालबालिका, बुद्धवृद्धा तथा अशक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं ।
१०) सडक वरिपरी पशु चौपाया छाडा नछोडौं ।

**हरिनगर गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय
सुनसरी द्वारा

**जनहितमा जारी सन्देश**

१) सरसफाईमा ध्यान दिऊँ र घर वरिपरी बोट बिरुवा लागाऊँ ।
२) पृथ्वीमा भइरहेको वातावरण परिवर्तनको कारणले स्वास्थ्यमा हानिकारक भई जन धनमा ठुलो समस्या भएकोले वातावरण सँग खेलवाड नगरौं ।
३) सलाई, साईटर जस्ता आगो बाल्ने सामाग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठिक नभाएका व्यक्तिहरुले भेट्ने ठाउँमा नराखौ ।
४) नेपालको संविधानले जातजाती भेदभाव विरुद्ध कानुन भएकोले जातीय भेदभाव नगरौं ।
५) खाना पकाईसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्यास प्रयोगकर्ताले चुलो रेगुलेटर तथा लाईटर आदी समय समयमा निरिक्षण गरौ ।
६) चुरोट, बिडीजस्ता वस्तुहरु प्रयोग पश्चात जथाभावी आगो नफालौ र आगो राम्रोसँग निभौ ।
७) पेट्रोल, डिजेल, ग्याँस जस्ता प्रज्वलनशिल वस्तुको वरिपरि सलाई लाईटर जस्ता सामाग्रीको प्रयोग नगरौ ।
८) आगलागीका घटना भएमा तत्कालै दमकल, सुरक्षाकर्मी र संचार माध्यममा खबर गरौ ।
९) आगलागीका घटना घटेमा महिला, बालबालिका, बुद्धवृद्धा तथा अशक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं ।
१०) सडक वरिपरी पशु चौपाया छाडा नछोडौं ।

"एक बहुभाषिक पत्रिका" ग्रामीण राष्ट्रिय साप्ताहिक मो.जि.प्र.का. दर्ता नं. २८०

# बजेटमा निजी क्षेत्रले सकारात्मक प्रतिक्रिया जनाएको छ



ग्रामीण संवादाता
विराटनगर

सरकारले आर्थिक वर्ष २०८२/८३ का लागि प्रस्तुत गरेको बजेटमा निजी क्षेत्रले सकारात्मक प्रतिक्रिया जनाएको छ। व्यापार, उद्योग तथा लगानी प्रवर्द्धनका पक्षमा आएको बजेटले निजी क्षेत्रका प्रतिनिधिहरूको मनोबल बढाएको उनीहरूको भनाइ छ।

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले चेम्बरले दिएको सुझाव बजेटमा समावेश भएको प्रतिक्रिया दिएका छन्। उनले भने, "यो बजेटलाई महत्वाकाङ्क्षी रूपमै लिएको छु। निजी क्षेत्रले दिएका धेरै सुझाव र माग बजेटमा परेका छन्। अहिलेको परिस्थितिमा स्रोत बाँडफाँट प्रणाली राम्रो छ। राजस्व सङ्कलनको प्रक्षेपण पनि ठीकै छ।"

लुम्बिनी प्रदेश चेम्बर अफ कमर्सका अध्यक्ष टङ्कप्रसाद पोखरेलले मुलुकको अर्थतन्त्रको दबाबबीच ल्याइएको बजेटमा निजी क्षेत्रका राय, सुझाव र परामर्शलाई अनुसरण गरिएको बताएका छन्। "निजी क्षेत्रलाई उत्साह दिन खोजिएको पाइएको छ, सरसर्ती हेर्दा बजेट सकारात्मक दिशातर्फ उन्मुख छ," पोखरेलले भने, "उद्यमशीलतालाई जोड दिन खोजिएको छ।"

चेम्बरका वरिष्ठ उपाध्यक्ष दीपक मलहोत्राले पनि निजी क्षेत्रका माग समेटिएको भन्दै बजेटको प्रशंसा गरे। उनले भने, "नेपालीलाई विदेशमा लगानी गर्न पाउने बाटो खुलेको छ, हामीले यसलाई बारम्बार उठाउँदै आएका थियौं।"

उद्योग-व्यवसायमैत्री बजेट : मोरङ चेम्बर मोरङ चेम्बर अफ कमर्सका अध्यक्ष यादव पोखरेलले बजेटलाई समग्रमा व्यापारी तथा उद्योगीमैत्री रहेको बताएका छन्। उनका अनुसार बजेटमा समावेश गरिएका नीतिहरूले व्यापार तथा उद्योग क्षेत्रको उत्साहवर्धन गरेको छ।

"सरकारले राजस्वबाट १३ खर्ब संकलन गर्ने लक्ष्य लिएको छ, जुन हालको व्यापारिक परिप्रेक्ष्यमा चुनौतीपूर्ण देखिन्छ। तर, केही सकारात्मक प्रावधानहरूले निजी क्षेत्रको मनोबल बढाएको छ," अध्यक्ष पोखरेलले भने। उनले बजेटमा कृषि क्षेत्रमा लगानी गर्न चाहने स्टार्टअपहरूलाई पाँच वर्षसम्म पूरै कर छुट दिने व्यवस्थाले युवा उद्यमशीलता र कृषि आधुनिकीकरणमा टेवा पुग्ने विश्वास व्यक्त गरे।

त्यस्तै, उपभोग्य वस्तु चिनीको भन्सार महसुल ३० प्रतिशतबाट घटाएर १५ प्रतिशतमा झारिएको निर्णयले उपभोक्तालाई राहत दिने उनले बताए।

नेपाली लगानीकर्ताले अब आफ्ना उत्पादनहरू विदेशमै उत्पादन गर्न पाउने नीति समेत बजेटले ल्याएको उल्लेख गर्दै पोखरेलले यसले निर्यात प्रवर्द्धनमा भूमिका खेल्ने बताए।

बजेटमा सुनका गहना निर्माण गरी विदेश निर्यात गर्ने व्यवसायीलाई केही मूल्य बराबरको विदेशी मुद्रा भित्र्याएमा सुन खरिद गर्न दिने नीति, डेरी तथा कृषि उद्योगहरूमा एक प्रतिशत भन्सार शुल्कबाहेक अन्य कुनै कर नलाग्ने प्रावधान र प्रदेश तथा स्थानीय तहमा 'ढाट' राखेर असुल्ने कर प्रणाली अन्त्य जस्ता विषयलाई उनले अत्यन्त सकारात्मक रूपमा लिएका छन्।

"कुल मिलाएर हेर्दा, यो बजेटले व्यापार, उद्योग र कृषि क्षेत्रमा केही नयाँ सम्भावनाको ढोका खोलिदिएको छ," पोखरेलले निष्कर्षमा भने।

महासङ्घ पनि सन्तुष्ट

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले बजेटमा महासङ्घले दिएका धेरै सुझाव समावेश भएको बताएका छन्। उनले भने, "निजी क्षेत्रलाई प्रोत्साहन गर्ने ढङ्गबाट बजेट आएको छ। महासङ्घले लगानी प्रवर्द्धन, खनिज निकासीका सम्बन्धमा दिएका सुझावका धेरै बुँदा समावेश भएका छन्, लगानी बोर्डलाई शक्तिशाली बनाउन खोजिएको छ।"

चेम्बरका पूर्वअध्यक्ष राजेन्द्र मल्लले पनि बजेटले राजस्व सङ्कलनमा कठिन देखिए पनि समग्रमा आईटी क्षेत्रलाई समेटेर सकारात्मक प्रयास गरिएको बताएका छन्।

# ट्राफिक जनचेतना कार्यक्रम सम्पन्न



ग्रामीण संवादाता
सुनसरी

दुर्घटना न्यूनिकरणको लागि ट्राफिक प्रहरी पोस्ट दुहबी सक्रिय भएको छ। ट्राफिक चेतनाको अभावमा सडक दुर्घटना बढिरहेको तथ्यांक आइरहेको बेला ट्र्फिक प्रहरीले सक्रियता देखाएको हो ।सुनसरीको दुहबी नगरपालिका वडा नम्बर २ तुतहामा रहेको नवीन शिक्षा निकेतन आधारभुत बिधालयमा ट्राफिक सचेतना कार्यक्रम आयोजना गरिएको छ।

शिक्षक मनोज कार्कीले ट्राफिक प्रहरीसँगको सहकार्यमा १ देखी ८कक्षासम्मका विद्यार्थीका लागि सचेतनामूलक कार्यक्रम गरिएको जानकारी दिए । उनका अनुसार कार्यक्रममा विद्यार्थीलाई ट्राफिक नियम, ट्राफिक चिन्ह, दुर्घटनाको जोखिम न्यूनीकरणका उपायहरू, नियम उल्लंघन गर्दा हुने दण्ड सजाय तथा ट्राफिकसँग सम्बन्धित अन्य विषयहरूमा आवश्यक जानकारी दिइएको थियो ।ट्राफिक प्रहरी पोस्ट दुहबी सहकार्यमा कार्यक्रम गरिएको जानकारी कार्की दिए।

ट्राफिक प्रहरीले निजी तथा सरकारी स्कुलमा ट्राफिक नियम सम्बन्धी तालिम दिने गरेको छ। ट्राफिक प्रहरीले विद्यार्थीलाई श्रव्यदृश्य सामग्रीसहित प्रशिक्षण दिने गरेको छ ।ट्राफिक प्रहरी पोस्ट दुहबीका इन्चार्ज एवं सइ सुन्दरश्याम पोखरेलले विद्यार्थी लक्षित ट्राफिक कक्षा सञ्चालन गर्ने गरिएको बताए । 'सवारी दुर्घटना दिन प्रतिदिन बढ्दो छ । दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले विद्यार्थीलाई प्रशिक्षण दिने गरिएको हो,' उनले भने।

दुहबी र गढि गाउँ पालिकामा रहेका सामुदायिक र निजी विद्यालयमा विद्यार्थी लक्षित प्रशिक्षणलाई तीव्र पारिएको पोखरेलले बताए । जनचेतनामूलक सन्देशलाई विद्यार्थीमार्फत समुदायमा पुर्याउन सहज हुने ट्राफिकको बुझाइ छ । जनचेतनामूलक कार्यक्रममा पत्रकार चन्दन रौनियार ,शिक्षक / शिक्षिका लगायत बिधार्थिहरुको उल्लेखनीय उपस्थित रहेको थियो।


## हाम्रो अनुरोध

- सवारी साधन चलाउँदा आवश्यक कागजात सधैं साथमा लिएर हिंड्ने गरौं।
- तिव्र गति जिवन क्षति।
- सडकमा ट्राफिक नियमको पालना गरौं।
- हतार गरी सवारी साधन कहिल्यै नचलाऔं र हतारमा सडक पार समेत नगरौं।
- सडकमा ध्यान केन्द्रित गरेर मात्र सवारी साधन चलाऔं।
- सवारी चलाउँदा मोबाईल फोनको प्रयोग नगरौं।
- सवारी चालकले सीट बेल्टको प्रयोग गरौं।
- दाँया बायाँ मोड्दा समयमै साइडलाइटको प्रयोग गरौं।
- सधैं बस बिसौनीबाट मात्र चढ्ने र ओर्लने गरौं।
- बिच सडकमा सवारी रोकी अरू सवारी साधनलाई बाधा नपुरयाऔं।
- ठूलो आवाजमा संगीत बजाएर सवारी साधन नचलाऔं। मोटरसाईकल चालकले अनिवार्य रूपमा कान छोपिने हेल्मेट प्रयोग गरी फित्ता समेत बाँध्ने गरौं।
- आफु खुशी कुनै पनि सवारी साधनको स्वरूप परिवर्त नगरौं।
- पैदल यात्रु तथा मो.सा. चालकले रातको समयमा सेतो वा चम्किलो लुगा लगाएर हिडौं।
- सवारी साधनको छतमा बसेर यात्रा नगरौं।
- घुम्ति तथा रोकीराखेको ठूलो सवारी साधनको अगाडी वा पछाडिबाट बाटो काट्ने नगरौं।
- फुटपाथ भएको सडकमा फुटपाथबाट मात्रै हिंड्ने गरौं।
- फुटपाथ नभएको सडकमा सडकको दाहिने किनाराबाट हिंड्ने गरौं।
- दुर्घटनाको पिडा चालक आफैंलाई हुन्छ, ट्राफिक प्रहरी हुँदैन।
- ट्राफिक नियम मिचेकोमा गर्व होइन लाज मान्ने गरौं।
- विस्तारै गए अवश्य पुगिन्छ, छिटो गए भन्न सकिन्न।
- सवारी साधन सुरक्षित रूपले चलाउनुहोस्, घरमा तपाइलाई तपाइको परिवारले पर्खीराखेका छन्।
- सवारी साधन चलाउनु पूर्व चेकजाँच गरेर मात्र सवारी चलाउनुहोस्।

आन्तरिक मामिला तथा कानुन मन्त्रालय
कोशी प्रदेश
विराटनगर, नेपाल

## सार्वजनिक सुचना

- सडक सीमा मिचेर घर, टहरा तथा कुनै स्थायी वा अस्थायी संरचना निर्माण नगरौं।
- सडकमा गाईवस्तु, चौपाया नछाडौं।
- पुलहरूको ५०० मिटर तलमाथिबाट नदिजन्य पद्धार्थ निकाल्दा पुलमा क्षति पुग्न सक्ने भएकाले त्यस्तो काम नगरौं।
- सवारी आवागमनमा अवरोध हुने गरी सडक सीमाभित्र जथाभावी सामानहरू थुपार्ने काम नगरौं।
- सडक विभागको पूर्व स्वीकृति नलिई राजमार्गसँग जोडिने गरी प्रदेशमार्ग बनाउने, सडक सतह खन्ने वा सडक सीमाभित्रबाट ढुंगामाटो निकाल्ने, सडक सीमाभित्रको जग्गा आवादी गर्ने, सडक छेउको नाली पुर्ने वा सडक संरचनामा क्षति पुर्याउने काम नगरौं/नगराऔं ।
- सडकका संरचनाहरू हामी सबैको साझा सम्पति हुन् । सबै मिलेर संरक्षण गरौं ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
कोशी प्रदेश, विराटनगर

## डेंगी नियन्त्रणका तीन उपाय




स्वास्थ्य कार्यालय
विराटनगर, नेपाल


"एक बहुभाषिक पत्रिका" ग्रामीण राष्ट्रिय साप्ताहिक
सम्पादक तथा प्रकाशकः संजय कुमार राजवंशी, कार्यालय प्रमुख : मोहन कुमार राजवंशी, समाचार संयोजकः राजेश कुमार राजवंशी, केन्द्रिय कार्यालयः कोशी प्रदेश विराटनगर, मुद्रकः कविता प्रिन्टर्स, सम्पर्क नं. : ९८२७०७२१५०
इमेलः infograminpatrika@gmail.com, Web: www.graminpatrika.com

"एक बहुभाषिक पत्रिका"
ग्रामीण
राष्ट्रिय साप्ताहिक
मो.जि.प्र.का. दर्ता नं. २८०

# सम्पादकीय

## विवाह र सम्बन्ध विच्छेद किन ?

विवाह एक वा सो भन्दा बढी परिवार मिली एक बेहुला र एक बेहुलीलाई एक बलीयो सम्बन्धमा बाँधिनु नै विवाह भनिन्छ। अथवा पति, पत्नी बनी एक नयाँ सम्बन्धमा गाँसिनु नै विवाह भनिन्छ। विवाह पनि एक प्रेम विवाह हुनछ भने अर्को मागी विवाह हुनछ। प्रेम विवाह केहि वर्ष अगाडि देखि चिनजान भएको व्यत्तिसंग हुनछ भने मागी विवाह कहिले नहेरेको, कुरा नगरेको व्यत्तिसंग हुने विवाह हो।

प्रेम विवाह र मागी विवाह चाहे जुन भएपनि सम्बन्ध कसरी टिकछ भने नै आजको मुख्य विषय वस्तु हो। अहिलेको समयमा सम्बन्ध विच्छेदका मुद्धाहरु पनि बढ्दै गएको छ। जसको कारणले समाज असव्यभाविक बन्दै गएको छ। प्रेम विवाह एक वा सो भन्दा बढी वर्ष वा समय चिनजान भएको व्यत्तिसंग भएको विवाह हो जस्ले बेहुला र बेहुलीको बारेमा सबै विषय वस्तु एक अर्कालाई थाहा भएको हुनछ। तर समय वित्दै जाँदा सम्बन्धमा दरार पैदा भई सम्बन्ध विच्छेद गर्दछन्। मागी विवाह केहि छिन मात्रै बोलेर गरिने विवाह हो जस्ले भोली नराम्रो हुनसक्दछ भने कुरा हुनसक्दछ। तर समयको परिधिमा परि धेरै परिवारको सम्बन्ध विच्छेद भइनै रहेको अवस्था पनि छन्।

समय परिवर्तनसंगै यस आधुनिक यूगमा सम्बन्ध विच्छेदका मुद्धा बढ्दै गएको छ। विस्वका राम्रै घरबार भएका सुपर स्टार देखि प्रसिद्ध अन्य कलाकार समेत जोडीहरुको सम्बन्ध विच्छेद भएको समाचार रेडियो, टिभि, अनलाइन पत्रिका तथा अन्य सामाजीक सञ्जाल माध्यमबाट सुन र देख्न सकिन्छन्। छोराछोरी हुर्काइसकेका कतिपय दम्पतीले समेत केही कारणवस सम्बन्ध विच्छेद गरेको छ।

सम्बन्ध विच्छेद समधान होइन। यो समस्या पनि होइन। तर, यसले छोराछोरीमा समस्या भने पक्कै निम्त्याउँछन्। जब पति-पत्नी अलग हुन्छन्, यसको असर प्रत्यक्षरुपमा छोराछोरीको मनोविज्ञानमा खतरनाक तरिकाले पदर्छ। सानै देखि बाबा र आमाको माया र स्नेह पाएका ति बालबालिकाहरु आफनो अभिभावकत्व गुमाएपछि बच्चाहरु बिचलित हुने संभावना प्रबल रहन्छ र यो भएको पनि छ। छोराछोरीको मांसिक अस्थिरता माथि प्रश्न उठछ र उनीहरुमा हिनताबोध उत्पन्न हुनछ।

यसका लागी मोरङ्ग जील्लाको तिन वर्षको सम्बन्ध विच्छेदका मुद्धाहरुको तथ्याङ्क हेर्दा क्रमश बढ्दै गएको छ।

आर्थिक वर्ष २०७८–०७९ मा १७९८

आर्थिक वर्ष २०७९–०८० मा १९८३

आर्थिक वर्ष २०८० –०८१ मा १९८६

सम्बन्ध बिच्छेद किन हुनछ ?

प्रत्येक मानिसको सोच, विचार र दृष्टिकोण फरक –फरक हुनछ भन्दैमा स–साना विषय वस्तुको कारण देखाई सम्बन्ध विच्छेद गर्नु सायद उचित हुदैनन्। तर यो फेरी अहिलेको आधुनिक यूगमा कुनै नयाँ र अनौठो विषय पनि होइनन्। जब पति-पत्नी एकसाथ अगाडि बढ्नै नसक्ने अवस्था आउँछ, उनीहरुले अलग हुने निर्णय गदर्छन्। यस्तो निर्णयले क्षणिक समस्याको सम्बन्ध फुकाइदिन्छ। दम्पती भनेको एक अर्काको आड भरोसा र विस्वास हुन्। जस्ले विवाह र सम्बन्ध गासिने समयमा जुन मन्त्र उचारण गरिएको हो त्यो संधै एक साथ रहि जीवन यापन गर्ने र दुःख, शुखमा साथ दिने मन्त्र नै हुन। तर यहाँ समय परिवर्तनशिल संगै मान्छेको व्यवहार र आचरण फरक – फरक भई सम्बन्ध विच्छेदसम्म कुरा पुग्दा फेरी त्यो पण्डीतको मन्त्र माथी प्रश्न नउठने कुरा हुदैनन् फेरी। पति पत्नी एकअर्काको दुःख सुखका साझेदार हुन्। एकअर्काका प्रेम र विश्वासका आधारस्तम्भ हुन्। दम्पती बीचको यहि विस्वास, भरोसा, प्रेम, समझदारी, आत्मियता यी र यस्ता विषय वस्तुले सम्बन्ध बलियो रन्छ। र मिठासपूर्ण भई जीवनभर शुख शान्ति ल्याउछ।

जब सम्बन्धमा चिसो पन आउँछ।

तर, कहिले काहिँ दम्पतीबीचको सम्बन्ध त्यती सुमधुर हुँदैनन, जति हुनुपर्थ्यो। पती वा पत्नीबीच कतिपय कुरामा सोच, विचार र दृष्टिकोण नमिल्दा सम्बन्धमा दरार पैदा गर्दछ। मत मिल्दैनन्। एकसाथ बस्दा पारिवारिक सोच मिल्दैन, एकअर्का प्रति मनमुटाव हुन्छ, अविश्वास बढ्दछ, झैझगडा हुन्छ यसले दाम्पत्य जीवनलाई खराप बनाइदिन्छ। किनभने सम्बन्ध विच्छेद गरिसकेपछि पुन जीवनलाई व्यवस्थित गराउन समय लाग्छ। गाउँ र समाजमा स्थापित हुन समय लाग्दछ। त्यसको सबैभन्दा ठूलो समस्या छोराछोरीले व्यहोर्नुपर्छ। अबोध छोराछोरीले आमा र बाबाको सम्बन्ध विच्छेद भएपछि बिना कसुर सजाय भोग्नुपर्छ।

सम्बन्ध बिच्छेदको नकारात्मक प्रभाव।

१. दुई जनाको जीवनको लय बिग्रन्छ।
२. एकअर्काको साथ र सहयोग छुट्छ।
३. मांसिक आघात पुग्दछ।
४. सम्बन्ध बिच्छेद पश्च्यात समाजमा पुर्नस्थापित हुन समय लाग्दछ।
५. जीवन तनावग्रस्तको अवस्थामा दिनहरु गुजार्नुपर्छ।
६. आर्थिक रकम विभाजित हुनुपर्दा निकै समस्या झेल्नुपर्छ।
७. आफ्ना छोराछोरी, परिवार, आफन्त, नातेदारले सास्ती व्यहोर्नुपर्छ।
६. छोराछोरीले अभिभावकत्व गुमाउँछन्।
७. अभिभावकको संरक्षण, माया, स्नेह गुमाउँछन्।
८. छोराछोरी भयग्रस्त, चिन्ताग्रस्त हुन्छन्।

# प्रजातान्त्रिक समाजवाद र नेपाली कांग्रेस



राजु मास्के
विराटनगर

नेपाली कांग्रेस नेपालको सबै भन्दा ठूलो समाजवादी-लोकतान्त्रीक राजनीतिक दल हो।

समाजवादी विचार उन्नाइसौं शताब्दीको उत्पादन होइन। मानव इतिहाँसको पुरानो संस्कृति मानिएको सनातन धर्मको शुक्ल यजुर्वेदमा एउटा श्रीलोक यस्तो छ 'यस सृष्टिमा भएका जड चेतन सबैमा ईश्वरको उपस्थिति छ। उसले दिएका कुराको उपभोग गरौं, अर्काको भागमा लोभ नगरौं। अर्थात् सृष्टिमा भएका वस्तुमा सबैको समान अधिकार हुन्छ।

उन्नाइसौं शताब्दीमा युरोपमा पुँजीवादको शोषण अत्यधिक भएको समयमा मार्कसले ऐतिहासिक भौतिकवादी व्याख्याद्वारा आर्थिक राजनीतिक तथा सिद्धान्त प्रतिपादन गर्दै साम्यवादमा पुग्नुभन्दा पहिलेको संक्रमणकालको अवस्थाको रूपमा समाजवादी व्यवस्थाको कुरा गरेका थिए। त्यसपछिका चिन्तकहरूले सर्वहाराको नाममा तानाशाही हुने अधिनायकवादी शासकसँग असहमति जनाई प्रजातान्त्रिक समाजवादको विचारलाई अगाढी बढाएका थिए। त्यस वेला देखि आज सम्म समाजवादी सिद्धान्तलाई यो संसारको प्रभावशाली विचारको रूपमा लिईन्छ।

२०१६ साल जेठ १३ गते प्रथम जन निर्वाचित सरकार नेपाली कांग्रेसका नेता विश्वेश्वरप्रसाद कोइरालाको कालमा धेरै दूरगामी महतवपूर्ण कामहरू सुरु भएको छ। जस्तै बिर्ता र राज्य रजौटा उन्मूलन,जंगलको राष्ट्रियकरण, त्रिभुवन विश्वविद्यालय स्थापना, गाउँहरूमा शिक्षा लोकतन्त्रको आधार स्तम्भ भएको हुदा स्कूलमा प्राथमिक, निम्न माध्यमिक,माध्यमिक विद्यालयको स्थापना गरियो। कृषिमा प्रगति गर्न भूमिसुधार, बिर्ता उन्मूलन सहकारी आन्दोलन र जमिनदारको शोषणमा रहेका किसानको हक सुरक्षित गर्ने काम सुरु भयो।

औद्योगिकरण गर्ने उद्देश्यले नेपाल उद्योग विकास निगमको स्थापना, वीरगन्ज चिनी मिल, कृषि औजार कारखाना, जनकपुर चुरोट कारखानाहरूको स्थापनाका लागि रुससँग सम्झौता गरेर पूर्वपश्चिम राजमार्गको सर्वेक्षण गर्ने काम सुरु गरियो। नेपाल वायुसेवा निगम स्थापना गरियो।

देश र जनताको पक्षमा काम गर्दै जाँदा विपीको सरकारको लोकप्रियता बढेको देखेर तात्कालिक राजा महेन्द्रले अकस्मात् सरकार अपदस्त गरियो। यसो हेर्दा बीपीको समाजवादलाई सरकार सञ्चालनको छोटो कार्यकालमा व्यवहारिकरूपमा प्रयोग गरिएको पनि देखियो। प्रवासमा रहँदा तरुण पत्रिकामार्फत् समाजवादसम्बन्धी विभिन्न मन्च, सम्मेलनहरूमा आफ्ना समाजवादी धारणा राख्नु हुन्थ्यो।

सिड्नी सम्मेलनमा उहाँको व्याख्यान अन्तर्राष्ट्रिय समाजवादीहरूमा पछि चर्चित पनि भयो। समाजवादको सम्बन्धमा एउटा लामो व्याख्यान २०३७ सालमा पाल्पाको प्रशिक्षण कार्यक्रममा दिनु भएको थियो।

त्यो के थियो भने उहाँले मानिसको उत्पत्तिको समयदेखिको विश्लेषण गरेर स्वभावैले मानिस समाजवादी भएको विचार प्रस्तुत गर्दै तत्कालीन समयमा साम्यवादमा प्रजातन्त्र थपिदिए समाजवाद हुन्छ र समाजवादबाट प्रजातन्त्र झिकिदिए साम्यवाद हुन्छ भन्नुभयो। यो नेपालको सन्दर्भमा धेरै चर्चित भयो र यसै बारेमा भोला चटर्जीले एउटा अन्तर्वार्तामा साम्यवाद र समाजवादको फरक यति नै हो त प्रश्न गर्दा अरू भिन्न हुँदैन भनी प्रश्न गर्दा त्यो त प्रजातन्त्र स्वीकारपछि प्रजातन्त्रको चरित्र र त्यसबाट प्राप्त हुने अधिकारले समाधान गर्छ भन्नुभयो।

बीपीले समाजवादलाई केबल आर्थिक सिद्धान्तका रूपमा मात्र हेर्नु भएन। तेस्रो विश्वका जनताको आशा र आस्थाको मियो बनाउनुभयो। समाजवादको मूल भावना समानता हो, समानता आर्थिक र राजनीतिक दुवै हुनुपर्छ भन्नु हुन्थ्यो। उहाँको विचारमा प्रजातन्त्र बिनाको समाजवाद (रुसी मोडेल) राज्य पूंजीवाद हो तर प्रजातन्त्र समाजवादको आतमा हो भने समाजवादबेगर प्रजातन्त्रको स्वस्थ जीवन असम्भव छ भनेर नै २०१२ सालको नेपाली कांग्रेसको छैठौं महाधिवेशनबाट प्रजातान्त्रिक समाजवाद भन्ने नामाकरण उहाँले नै गर्नुभयो।

दोस्रो विश्वयुद्धपछि स्वतन्त्रता प्राप्ति गर्दा भारत, बर्मा, श्रीलंकालगायतका देशहरूले प्रजातान्त्रिक शासन प्रणाली र समाजवादी आर्थिक नीति लागु गरियो। नेपाली कांग्रेसको ईतिहास घटनालाई नमिठो तरिकाले सम्मझिनु पर्दा कांग्रेसले सरकारको नेतृत्व गर्दा नेपाली कांग्रेस स्थापना पछि हालसम्म दुई पटक पार्टीमा ठूला विभाजन भएका देखिन्छ।

पहिलो पटक २००९ सालमा पाटीकक विभाजन हुँदा नेपाली कांग्रेस नेतृत्वको सरकार थियो। पार्टी विभाजन हुँदा मातृकाप्रसाद कोइराला प्रधानमन्त्री र वीपी कोइराला पार्टी सभापति थिए।

दोस्रो पटक २०५९ सालमा नेपाली कांग्रेस विभाजन हुँदा शेरबहादुर देउवा प्रधानमन्त्री र सभापतिमा गिरिजाप्रसाद कोइराला थिए।

गिरिजा प्रसाद कोइरालाले २०५७ सालमा पोखरामा भएको दशौं महाधिवेशनमा शेर बहादुर देउवालाई पराजित गरेर सभापति भएका थिए। सरकारको नेतृत्व गरेका देउवालाई २०५९ सालमा संकटकाल नथप्न पार्टीले निर्देशन दिएको थियो। त्यसबेलामा माओवादी द्वन्द्व चरम अवस्थामा थियो। देउवाले पार्टी निर्देशन अवज्ञा गर्दै संकटकाल लम्ब्याए। केन्द्रीय समितिमा कोइरालाको बहुमतमा थियो। उनले पार्टी बैठक राखेर देउवालाई साधारण सदस्यता नरहने गरि पाटीककबाट बर्खास्त गरेका थिए।

देउवाले २०५९ असार ४ गते बानेश्वरमा आफनो विचार समुहको भेला गरेर नयाँ पार्टी नेपाली कांग्रस (प्रजातान्त्रिक) गठनको घोषणा गरेर आफनो नेतृत्वमा नेपाली कांग्रेस (प्रजातान्त्रिक)पाटीकको स्थापना गरेका थिए।

त्यसबेला शेर बहादुर देउवालाई नेपाली कांग्रेसका नेताहरू गोपालमान श्रेष्ठ प्रकाशमान सिंह, विमलेन्द्र निधि , विजयकुमार गच्छदार, पूर्णबहादुर खड्का , समाजवादी चिन्तक प्रदिप गिरी , ज्ञानेन्द्र बहादुर कार्की,बालकृष्ण खाँण, लगायत नेताले साथ दिएका थिए।

पार्टी फुटेको पाँच वर्षपछि पुनः दुवै कांग्रेसबीच एकता गरि गिरिजा प्रसाद कोइराला नेपाली कांग्रेसको सभापति र नेपाली कांग्रेसको वरिष्ठ नेता शेरबहादुर देउवा भएका थिए। त्यसकारण नेपाली कांग्रेसको इतिहास जति लामो छ, पार्टीभित्र गुटको इतिहास उति नै लामो छ। किनभने नेपाली कांग्रेसका कार्यकर्तामा दुइटा विषयमा केही दुविधा देखिन्छ। त्यो के हो भने २०१२ सालदेखि कांग्रेसले समाजवादलाई आर्थिक सिद्धान्त बनायो र २०३३ सालदेखि राष्ट्रिय एकता र मेलमिलापको नीति अनुशरण गरेको कांग्रेसको गतिविधी सञ्चालन गरियो।

यी दुवै सिद्धान्त र नीतिको व्याख्याता बीपी कोइराला हो। बीपी जीवित रहुन्जेल यिनको बारेमा केही प्रश्न उठ्यो उहाँसँग भेटेपछि समाजवाद र मेलमिलापबारे आफ्नो विचार र तर्क दिनुहुन्थ्यो सबै सन्तुष्ट हुन्थ्यौं। त्यस पछि उहाँको देहावसानपछि पनि कांग्रेस यही सिद्धान्त अनुसार चल्यो।

त्यस पछि २०४६ को जनआन्दोलन ०४८ को कांग्रेसको सरकारको नेतृत्व र पुनः ०६२-६३ को जनआन्दोलनपछि कांग्रेसमा समाजवाद र मेलमिलापको बुझाइमा मतभेद हुन थाल्यो। केही नेता कार्यकर्ता भन्छन्, कांग्रेसले बीपीको समाजवादी बाटो छोड्यो र राष्ट्रिय मेलमिलाप नीतिको पनि पालना गरेन, त्याग्यो।

केही नेता कार्यकर्ता भन्छन्, कांग्रेसले बीपीको विचार छोडेको छैन। यसरी नै अहिले सम्म मतभेद चलिआएको छ। त्यसकारण हामीले बुझ्नु पर्ने कुरा के हो भने बीपी राजनीतिक विचारकको साथै चिन्तक पनि हो।

दोस्रो विश्वयुद्धपछि स्वतन्त्रता प्राप्ति गर्दा भारत, , श्रीलंका, बर्मा लगायतका देशहरूले प्रजातान्त्रिक शासन प्रणाली र समाजवादी आर्थिक विचार अनुशरण गरेको थियो नेपालले पनि राणाशासन समाप्ति पछि प्रजातान्त्रिक शासन प्रणालीको नीती अवलम्बन गर्‍यो तर निर्वाचित सरकारको अभावमा दृढ आर्थिक नीति भएन। २०१५ सालको निर्वाचनपछि निर्वाचित सरकारले समाजवादी कार्यक्रम लागू त गर्‍यो। तर तत्कालिन राजा महेन्द्रको सत्ताभोकले १८ महिनामा नै सैनिक बलबाट सरकार र संसद् भंग गरियो। पुल्चोक क्याम्पस मात्र थिए।

## केही महत्वपूर्ण टेलीफोन नम्बरहरु

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| मोरङ सहकारी अस्पताल | ५२३२३०, ९८४२२८२७७७ |
| जिसस मोरङ | ५३६३५३ |
| निर्माण व्य संघ | ५२३८३६, ५३०५७२ |
| नेरेसो रंगेली | ५८००४८ |
| चेतनशील मित्र परिषद् | ९८४२२६६२३१ |
| नेपाल दुरसंचार सं क संघ | ५३३३३३ |
| पूर्वाञ्चल नर्सिङ होम | ५२३१५५ |
| अवधनारायण नर्सिङ होम | ५२२८११ |
| विराट नर्सिङ होम | ५२७०७१ |
| पथरी नर्सिङ होम | ५५५३४३ |
| लायन्स क्लव सेन्ट्रले | ५३७००१ |
| जीवन वि. स. कर्सिया | ५६५०८८ |
| शनिश्चरे एम्बुलेन्स सेवा | ५५५१४४ |

### अस्पताल

| | |
|---|---|
| न्युरो हस्पिटल प्रा.लि. | ४१७४७५, ४१६०२४ |
| पोखरिया बचत एम्बुलेन्स | ९८४२२७७६६६ |
| नाइफ गार्ड एम्बुलेन्स सेवा | ९७४२०४२३३३ |
| ग्रामीण महिला जागरण | ५३१०६५ |
| च्यारेटी दृष्ट धरान | ०२५-५२१६०० |
| कोशी अं. अ. इमरजेन्सी | ५२४२३४ |
| अवधनारायण नर्सिङ होम | ५२२८११ |
| विराट नर्सिङ होम | ५२२१४४ |
| विराट मेडिकल कलेज | ४२१०६३, ४२११८२ |
| ब्लड बैंक | ५२३३२६ |
| आँखा अस्पताल | ५२३७०६ |
| मोरङ सहकारी अस्पताल | ५२३२३० |
| सप्तकोशी नर्सिङ होम | ५२७९५४ |
| न्यूरो हस्पिटल प्रा.लि | ४१७४८४, ४१६२६७ |
| नौलखा डेन्टल केयर | ५२१०८२ |
| नेपाल क्षयरोग निवारण संस्था | ५२२८२७ |
| लाइफ गाई हस्पिटल | ९७४२०४२३३३ |
| गेटवेल हस्पिटल प्रा.लि. | ०२१-५२७९६८ |

### दमकल

| | |
|---|---|
| बिराटनगर वारुणयंन्त्र | ४२०००० |
| इटहरी वारुणयन्त्र | ५८०१०१ |
| धरान बारुणयन्त्र | ५२०१९९ |
| इनरुवा वारुणयन्त्र | ५६०१०१ |
| दमक वारुणयन्त्र | ०२३-५८०१०१ |
| भद्रपुर बारुणयन्त्र | ०२३-५२०१०१ |

### प्रहरी

| | |
|---|---|
| पूर्वाञ्चल क्षे.प्र.का. | ४३५००१ |
| जिल्ला प्रहरी | ५३०३५८, ५२३९०१, १०० |
| जिल्ला ट्रा.प्र.का. | ५३५३९९, १९९, ५३५५९९ |
| नगर प्र.का., विराटनगर | ५२१८५०, ५३०३६७, ११० |
| इ.प्र.का., रानी | ४३५३६४, १०८ |
| सिआरभी (ऋच्छ) | १०५ |
| इप्र.का., रंगेली | ९८५२०९०१४४ |
| इ.प्र.का., उर्लावारी | ५४०००२ |
| सिमा प्रहरी चौकी रानी | ४३५८४० |

### होटल

| | |
|---|---|
| होटल स्वागतम | ४७२४५० |
| होटल इष्टर्न स्टार | ४७१६२६ |
| होटल संगम पार्टी प्यालेस | ५३०४०३ |
| एबी होटल | ०२१-५११७७२ |
| होटल नमस्कार | ०२१-५९०९०९/५९०६०६ |
| होटल प्यासिफिक | ४७१०३६ |
| होटल मुन | ९८०२७२७७७७ |
| सगरमाथा पार्टी प्यालेस | ४७१४९३ |
| दिव्यरत्न होटल | ९८५२०३३२९६ |
| होटल पाथिभरा इन | ९८०२७६९१५२ |
| होटल श्रीकृष्ण | ०२१-५९०४६७ |

"एक बहुभाषिक पत्रिका"
ग्रामीण
राष्ट्रिय साप्ताहिक
मो.जि.प्र.का. दर्ता नं. २८०

# नेपाल औषधी व्यवसायी संघ, ५२ औं स्थापना दिवस




ग्रामीण संवादाता
विराटनगर

नेपाल औषधी व्यवसायी संघ, ५२ औं स्थापना दिवस मनाउने तयारीबारे विराटनगरमा पत्रकार सम्मेलन गरिएको छ। प्रत्येक वर्ष झैं यस वर्ष पनि संघको स्थापना दिवस असार १० गते मनाउने तयारी भइरहेको छ । मोरङ शाखाद्वारा सप्ताहव्यापी कार्यक्रमको आयोजना गरी भव्य रूपमा मनाइने तयारी गरेको छ। संघको मोरङ शाखाद्वारा आयोजना हुने कार्यक्रम असार ४ गतेदेखि १० गतेसम्म सञ्चालन हुनेछ।

जस अनुसार कोशी अस्पताल, बाल विभाग तथा कुपोषण शाखामा बुधबार फलफूल वितरण, हिमालय दर्शन कलेज, विराटनगरमा विहीवार लागुऔषध र मनोदीपक औषधी सम्बन्धी जनचेतनामूलक कार्यक्रम, जिल्ला ट्राफिक प्रहरी कार्यालय मारंगमा शुक्रबार लागुपदार्थ परीक्षण किट हस्तान्तरण गर्ने भएकोछ ।त्यसैगरी विराटेश्वर वृद्धाश्रम, विराटनगर-८ मा शनिबार स्वास्थ्य सामग्री हस्तान्तरण, संघको भवन, विराटनगरमा आईतवार वरिष्ठ औषधी व्यवसायी तथा सामाजिक योगदानकर्ताहरूको सम्मान, हस्पिटल चोक, विराटनगरमा सोमबार रक्तदान कार्यक्रम असार १० गते, मंगलबार प्रभातफेरी (हस्पिटल चोकदेखि संघको भवनसम्म), झण्डोत्तोलन कार्यक्रम र औपचारिक समापन समारोह हुनेछ।

सप्ताहव्यापी कार्यक्रममार्फत औषधी व्यवसाय क्षेत्रको सामाजिक उत्तरदायित्वलाई थप मजबुत पार्दै, समाजप्रति योगदान पुर्याउने लक्ष्य लिइएको छ। सप्ताह व्यापी कार्यक्रममा करिब १ लाख २५ हजार खर्च हुने नेपाल औषधी व्यवसायी संघ मोरंग अध्यक्ष देशबन्धु ढकालले वताए।

# नवनिर्वाचित पदाधिकारीलाई बधाई तथा शुभकामना




ग्रामीण संवादाता
विराटनगर

नेपाल इन्स्योरेन्स प्रोफेसनल सोसाइटी कोशी द्वारा उद्योग संगठन मोरङको नवनिर्वाचित पदाधिकारीलाई बधाई तथा शुभकामना प्रदान

विराटनगर । नेपाल इन्स्योरेन्स प्रोफेसनल सोसाइटी कोशी (निप्स)ले उद्योग संगठन मोरङको नवनिर्वाचित पदाधिकारीलाई बधाई तथा शुभकामना प्रदान गरेको छ।

उद्योग संगठन मोरङको जेष्ठ ३० र ३१ गते सम्पन्न ५२औं वार्षिक साधारणसभाबाट उद्योग संगठन मोरङको सम्पन्न निर्वाचनमा अध्यक्षमा नन्द किशोर राठी, वरिष्ठ उपाध्यक्षमा भोलेश्वर दुलाल, उपाध्यक्षमा क्रमश सुरेन्द्र गोल्छा, विपिन कावरा, सुवोध कोईराला र कोषाध्यक्षमा पारस लुनिया निर्वाचित भएका छन्।

यस्तै कार्यसमिति सदस्यहरूमा सौरभ सारडा, बीरेन्द्र राठी, सन्तोष भगत, जयेन्द्र शर्मा, श्रृजन प्याकुरेल, उकेश अग्रवाल, दिपक अग्रवाल, सिद्धार्थ कावरा, प्रतिक राउत, पारस गोल्छा र किरण ब्यास चयन भएका छन्

निप्सले निर्वाचित सम्पूर्ण पदाधिकारीहरूलाई आगामी कार्यकालको हार्दिक बधाई तथा शुभकामना दिएका हुन्।

कार्यक्रममा निप्स कोशीका अध्यक्ष खड्ग बहादुर श्रेष्ठ, सचिव प्रकाश कुमार पोखरेल, कोषाध्यक्ष नारायण गौतम लगायतको उपस्थितीमा उद्योग संघटन मोरङका अध्यक्ष नन्द किशोर राठीले मन्तव्य राखेका थिए।

गौरीगञ्ज गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
झापा द्वारा

सुर्तीजन्य पदार्थको सेवन नगरौं।

सुर्तीजन्य पदार्थको सेवनले:
➢सेवनकर्तालाई प्रत्यक्षरुपमा,
➢परिवारजन एवं सम्पर्कका व्यक्तिहरूलाई अप्रत्यक्षरुपमा नकारात्मक प्रभाव पार्दछ,
➢यसले स्वास्थ्य समस्याका अतिरिक्त पारिवारिक, सामाजिक, आर्थिक, वातावरणमासमेत नकारात्मक प्रभाव पार्दछ।

त्यसैले सुर्तीजन्य पदार्थको सेवन नगरौं।

गढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुनसरी द्वारा

जनहितमा जारी सन्देश

१) सरसफाईमा ध्यान दिऊँ र घर वरिपरी बोट बिरुवा लागाऊँ ।
२) पृथ्वीमा भइरहेको वातावरण परिवर्तनको कारणले स्वास्थ्यमा हानिकारक भई जन धनमा ठुलो समस्या भएकोले वातावरण सँग खेलवाड नगरौं ।
३) सलाई, साईटर जस्ता आगो बाल्ने सामाग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठिक नभाएका व्यक्तिहरुले भेट्ने ठाउँमा नराखौ ।
४) नेपालको संविधानले जातजाती भेदभाव विरुद्ध कानुन भएकोले जातीय भेदभाव नगरौं ।
५) खाना पकाईसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्यास प्रयोगकर्ताले चुलो रेगुलेटर तथा लाईटर आदी समय समयमा निरिक्षण गरौ ।
६) चुरोट, बिडीजस्ता वस्तुहरु प्रयोग पश्चात जथाभावी आगो नफालौ र आगो राम्रोसँग निभौ ।
७) पेट्रोल, डिजेल, ग्याँस जस्ता प्रज्वलनशिल वस्तुको वरिपरि सलाई लाईटर जस्ता सामाग्रीको प्रयोग नगरौ ।
८) आगलागीका घटना भएमा तत्कालै दमकल, सुरक्षाकर्मी र संचार माध्यममा खबर गरौ ।
९) आगलागीका घटना घटेमा महिला, बालबालिका, बुद्धवृद्धा तथा अशक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं ।
१०) सडक वरिपरी पशु चौपाया छाडा नछोडौं ।

सुन्दरहरैचा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मोरङ द्वारा

जनहितमा जारी सन्देश

१) सरसफाईमा ध्यान दिऊँ र घर वरिपरी बोट बिरुवा लागाऊँ ।
२) पृथ्वीमा भइरहेको वातावरण परिवर्तनको कारणले स्वास्थ्यमा हानिकारक भई जन धनमा ठुलो समस्या भएकोले वातावरण सँग खेलवाड नगरौं ।
३) सलाई, साईटर जस्ता आगो बाल्ने सामाग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठिक नभाएका व्यक्तिहरुले भेट्ने ठाउँमा नराखौ ।
४) नेपालको संविधानले जातजाती भेदभाव विरुद्ध कानुन भएकोले जातीय भेदभाव नगरौं ।
५) खाना पकाईसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्यास प्रयोगकर्ताले चुलो रेगुलेटर तथा लाईटर आदी समय समयमा निरिक्षण गरौ ।
६) चुरोट, बिडीजस्ता वस्तुहरु प्रयोग पश्चात जथाभावी आगो नफालौ र आगो राम्रोसँग निभौ ।
७) पेट्रोल, डिजेल, ग्याँस जस्ता प्रज्वलनशिल वस्तुको वरिपरि सलाई लाईटर जस्ता सामाग्रीको प्रयोग नगरौ ।
८) आगलागीका घटना भएमा तत्कालै दमकल, सुरक्षाकर्मी र संचार माध्यममा खबर गरौ ।
९) आगलागीका घटना घटेमा महिला, बालबालिका, बुद्धवृद्धा तथा अशक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं ।
१०) सडक वरिपरी पशु चौपाया छाडा नछोडौं ।

कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मोरङ द्वारा

सुर्तीजन्य पदार्थको सेवन नगरौं।

सुर्तीजन्य पदार्थको सेवनले:
➢सेवनकर्तालाई प्रत्यक्षरुपमा,
➢परिवारजन एवं सम्पर्कका व्यक्तिहरूलाई अप्रत्यक्षरुपमा नकारात्मक प्रभाव पार्दछ,
➢यसले स्वास्थ्य समस्याका अतिरिक्त पारिवारिक, सामाजिक, आर्थिक, वातावरणमासमेत नकारात्मक प्रभाव पार्दछ।

त्यसैले सुर्तीजन्य पदार्थको सेवन नगरौं।

एक बहुभाषिक पत्रिका
ग्रामीण
राष्ट्रिय साप्ताहिक
मो.जि.प्र.का. दर्ता नं. २८०

# समुदाय प्रहरी साझेदारी तथा ट्राफिक जनचेतना कार्यक्रम सम्पन्न



ग्रामीण संवादाता
सुनसरी

दुर्घटना न्यूनिकरणको लागि नेपाल प्रहरी साझेदारी कार्यक्रम मार्फत ईलाका प्रहरी कार्यालय दुहबी र ट्राफिक प्रहरी पोस्ट दुहबी सक्रिय भएको छ।

ट्राफिक चेतनाको अभावमा सडक दुर्घटना बढिरहेको तथ्यांक आइरहेको बेला दुहबी प्रहरी दुहबी ट्रफिक प्रहरीले समुदाय प्रहरी साझेदारी कार्यक्रम मार्फत संयुक्तरूपमा आफ्नो सक्रियता देखाएको हो।

दुहबी इनरुवा सड्क खण्डमा पर्ने डागा चौकमा

साथै कोशी राजमार्ग अन्तरगत सुनसरीको दुहबी सड्क खण्डमा गुड्ने सिटी सफारीहरुको चालकहरुलाई दुर्घटना न्युनिकरण सम्बन्धि तथा सचेतनामुलक कार्यक्रम,

सवारी चालक तथा पैदल यात्रीलाई लक्षित गर्दै दुर्घटना न्यूनीकरण सम्बन्धि सचेतना कार्यक्रम गरेको छ।

ट्राफिक चेकिङको महत्त्व सम्बन्धि सचेतना दिनुका साथै चालक, सहचालक साथै सर्वसाधरण पैदलयात्री तथा सवारी चालकलाई ट्राफिक शिक्षा प्रदान गरेको थियो।

ट्राफिक प्रहरीले संचालन गरेको उक्त ट्राफिक सचेतना कार्यक्रमले ट्राफिक व्यवस्थापनमा सहज हुने तथा दूर्घट्नामा कमि ल्याउने दुहबी ट्राफिकका साहयक प्रहरी निरिक्षक सई श्यामसुन्दर पोखरेलले बताए।

सुनसरीको दुहबी नगरपालिका वडाहरुमा साथै ईलाका प्रहरी दुहबीका मातहतका पालिका दुहबी ,गढि गाउँ पालिका बर्जु गाउँ पालिका ,चौक बजार, र बिधालयमा नेपाल प्रहरी साझेदारी कार्यक्रम प्रभावकारी बन्दै गएको छ।

हर प्रहर,गाउँ र नगरी टोलटोलमा नेपाल प्रहरी समुदाय प्रहरी साझेदारी शान्तिपूर्ण एवं सुरक्षित समाजका लागि सवारी दुर्घटना न्यूनीकरणका लागि इलाका प्रहरी कार्यालय दुहबीले समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत दुहबी ट्राफिक कार्यालय संग समन्वय गरि ट्राफिक नियम पालना गरी यात्रुहरुलाई जनचेतनामूलक पर्चा पम्पलेट वितरण , पैदल यात्री , निजी तथा सामुदायिक बिधालयहरुमा अभियान सुरु गरिएको छ। तपाईंको सुरक्षा हाम्रो सरोकार' अभियान अन्तर्गत मोटरसाइकल/ स्कुटर प्रयोगकर्ताहरुलाई सवारी दुर्घटनाका कारणहरु र मोटरसाइकल स्कुटर चलाउदा ध्यान दिनु पर्ने कुराहरु बारेमा जानकारी गराइएको इलाका प्रहरी कार्यालय दुहबीका प्रहरी निरीक्षक सागर तिमिल्सिनाले जानकारी दिए।

# देवीगञ्ज एफसी दोस्रो पथरी शनिश्चरे नगर खेलकुद फुटबल च्याम्पियन



ग्रामीण संवादाता
विराटनगर

देवीगञ्ज एफसी दोस्रो पथरी शनिश्चरे नगर खेलकुद फुटबल च्याम्पियन मोरङ , पथरी शनिश्चरे - बैशाख ३१

दोस्रो पथरी शनिश्चरे नगर खेलकुद महोत्सव-२०८२ अन्तर्गत पुरुष फुटबलको उपाधि देवीगञ्ज एफसीले उचालेको छ। पथरी शनिश्चरे-१ स्थित जाँते मोडको प्रस्तावित रंगशालामा आज सम्पन्न फाइनल खेलमा देवीगञ्जले प्रभात सामुदायिक फुटबल क्लबलाई ट्राईबेकर हुँदै सडेन डेथमा पराजित गर्दै उपाधि हात पारेको हो। खेलको निर्धारित समय १-१ गोलको बराबरीमा टुंगिएपछि ट्राईबेकरमार्फत निर्णय लिइएको थियो। ट्राईबेकरबाट पनि खेल बराबरी भएपछि सडेन डेथमा पुगेको खेलमा देवीगञ्ज विजयी बन्न सफल भयो।

फाइनल खेलमा उत्कृष्ट प्रदर्शन गरेका देवीगञ्जका जोसन कार्की म्यान अफ द म्याच घोषित भए भने गोल्डेन बुट प्रभात सामुदायिक फुटबल क्लबका गोलकिपर समीर क्षेत्रीले जिते।

समापन समारोहमा पथरी शनिश्चरे नगरप्रमुख मोहन प्रसाद तुम्वापो, उपप्रमुख देवीमाया काफ्ले, प्रमुख प्रशासकीय अधिकृत शशी राई, नेपाल शिक्षक महासंघ पथरी शनिश्चरे अध्यक्ष अर्जुनकुमार बुढाथोकी लगायतले खेलाडीहरूलाई ट्रफी, मेडल र नगद पुरस्कार प्रदान गरे।

नगर खेलकुद महोत्सव अन्तर्गत फुटबल (पुरुष र महिला), भलिबल ( पुरुष र महिला), क्रिकेट, पौडी, भारतोलन, म्याराथन, कराँते, बुद्धिचाल लगायतका विविध खेलमा प्रतिस्पर्धा भएको थियो।

पुरस्कार विवरण यसप्रकार छन्:

पुरुष फुटबल: प्रथम - रु १ लाख, द्वितीय - रु ५० हजार

महिला फुटबल: प्रथम - रु १५ हजार, द्वितीय - रु ७ हजार

भलिबल: प्रथम - रु ३१ हजार, द्वितीय - रु २१ हजार

क्रिकेट: प्रथम - रु ३५ हजार, द्वितीय - रु २० हजार

म्याराथन (पुरुष/महिला): प्रथम - रु ७ हजार, द्वितीय - रु ५ हजार, तृतीय - रु ३ हजार, सान्त्वना - रु २ हजार

कराँते: पुरुष र महिला दुबै वर्गका प्रथम खेलाडीलाई रु ५ हजार

बुद्धिचाल: प्रथम - रु १० हजार, द्वितीय - रु ६ हजार, तृतीय - रु ४५ सय, चौथो - रु ३५ सय, पाँचौं-सातौं - रु २५ सय

प्रत्येक म्याचको म्यान अफ द म्याच: रु २ हजार

गोल्डेन बुट, गोल्डेन बल, गोलब्स विधा: जनही रु ५ हजार

समापन समारोह नगर खेलकुद विकास समितिका संयोजक दीपक राईको अध्यक्षतामा सम्पन्न भएको थियो। कार्यक्रममा नगरका वडाध्यक्षहरू, इलाका प्रहरी कार्यालय पथरीका डीएसपी मोहन विक्रम दाहाल, स्वास्थ्य शाखा प्रमुख मुरारी प्रसाद आचार्य, कार्यपालिका सदस्यहरू, राजनीतिक दलका प्रतिनिधिहरू, सामाजिक संस्था तथा सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो।

नगर खेलकुद समितिका सदस्य सचिव नवीन खुलाल बुढाथोकीले विजयी खेलाडीहरूलाई बैंक खातामार्फत नगद पुरस्कार प्रदान गरिने जानकारी दिए।

जहदा गाउँपालिका
वडा नं. ३ को कार्यालय
मोरङ द्वारा




कोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुनसरी द्वारा




भोक्राहा नरसिंह गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुनसरी द्वारा




डेंगी नियन्त्रणका तीन उपाय




स्वास्थ्य मन्त्रालय
कोशी प्रदेश, नेपाल

# राम राजवंशी गायन क्षेत्रमा सक्रिय



झापा जिल्लाको झापा गाउँपालिका वडा नम्बर १ का २८ वर्षिया गायक राम राजवंशी, राजवंशी समाजमा एक सफल गायक हुन्। विगत लामो समय देखि साँगीतिक क्षेत्रमा लागी परेका गायक राम राजवंशी १५ वर्ष देखि राजवंशी, नेपाली तथा अन्य गीतहरु गाउँदै आएका छन्। राजवंशी समाज तथा राजवंशी समुदायको भाषाको पहिचानसंगै म्यूजीक भिडियो तथा अन्य गाना मार्फत निरन्तर समाजको गायन क्षेत्रमा सक्षम र सफल गायक हुनपुगेका छन्।

उनी हालसम्म करिब २३ ओटा गानामा आफनो सु–मधुर आवाज दिइसकेका छन्। उनले गाएका गीतहरु मध्य जस्तै एक्टा गेछा, वेहार ढोल, बेबी आई लव यू, रसे–रसे, कोच राजवंशी चेङ्ग्रा मुई लगायत अन्य धेरै गानामा आफनो आवाजको प्रतिभा देखाइसकेको एक सफल गायक हुन्।

आर्टस पेशा, टिचिङ्ग पेशा र गायन क्षेत्रमा सक्रीय रहेका गायक राम राजवंशीका बुवा टिकालाल राजवंशी र आमा राजवत्ति राजवंशीका छोरा हुन्।

मोहन कुमार राजवंशी
कटहरी

# अब थाकिएँ...



महमद अफरोज हवारी
विराटनगर

अब थाकिएँ...
महमद अफरोज हवारी
बिराटनगर , मोरङ
उमेर त धेरै थिएन, मेरो
तर जीवनले दिनुपर्ने दु:ख सबै दिइसकेको जस्तो लाग्छ।
मुस्कानहरू थिए,
तर अब ती ठाउँमा घाउ मात्रै बाँकी छन्।
सपना अझै बाँकी छन्,
तर ती पूरा गर्न पाइलामा बल छैन।
मनमा बोझ छ।
कसैले बुझेन, कसैले चोट दियो,
र मैले आफैंलाई माफ गर्न सकिन।
हरेक दिन एक जुधाइ बन्यो -
आशासँग, निराशासँग, अनि आफैंसँग।
उठ्न खोजें,
तर खुट्टा साथ दिँदैनन् अब।
म थाकिएँ,
शरीर होइन, आत्मा थाकियो।
तर...
कहिले काँही लाग्छ -
शायद यही थकाइभित्र
एउटा नयाँ यात्रा पलाउँछ
जहाँ आँशुहरू पोखिएर,
सपना फेरि मुस्कुराउँछन्।

भर्ना खुल्यो
प्रदेश नं. १ मा
भौतिक पुर्वाधारले सम्पन्न तथा
निजी क्षेत्रको अग्रणी कलेज
विराट हेल्थ कलेजमा
HA (General Medicine)
D. Pharmacy
Lab Technician
Radiography
PCL Nursing
फारम भर्ने अन्तिम मिति
२०८२ श्रावण २५ गते सम्म
सम्पर्क:
विराट हेल्थ कलेज, विराटनगर
Website : www.birathealthcollege.edu.np
Email : birathealthcollege2020@gmail.com
०२१-४२२९७३, ४२२९७४, मो.९८४२०४५०४०

## खानेपानी, सिचाई तथा उर्जा मन्त्रालयको जनहितमा जारी सूचना

– सिंचाइ प्रणालीको विकास र विस्तार गरी कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गरौं । सबै प्रकारका पानीका स्रोत, मुहान, कुलो, पैनी नहर आदिको संरक्षण र सम्बद्धन गरी आकासे पानीबाट संकलित पोखरी, भूमिगत लिफ्ट, सतह आदि सिंचाइ प्रणाली मार्फत पानीका थोपा थोपालाई कृक्षिमा प्रयोग गरी। सडक पूर्वाधारजस्ता अन्य भौतिक संरचना निर्माण गर्दा कुलो पैनी नहरको संरचनामा क्षति नपुर्याऔं, क्षति पुगेमा क्षति पुर्याउने निकायबाटै तत्कात मर्मत संभार गराऔं। सिंचाइ प्रणालीमा कम ऊर्जा खपत गर्ने र नविकरणीय ऊर्जाबाट चल्ने उपकरणहरुको प्रयोग गरौं ।

– आधुनिक प्रविधि र उन्नत जातका विउविजनको प्रयोग, वालीमा विविधीकरण र परिवर्तन तथा नगदे बालीलाई प्राथमिकता दिई परम्परागत कृषि पेशाबाट आधुनिक व्यावसायिक र भरपर्दो पेशामा रुपान्तरित भई स्वदेशमै समुन्नत भविष्य निर्माण गरौं। अर्गानिक कृषि उत्पादनमा जोड दिई मानव स्वास्थ्यप्रति संवेदनशील बनौं ।

– वर्षाको समयमा बाढी पहिरो तथा कटान जस्ता जल उत्पन्न प्रकोप आउन सक्ने भएकाले नदीको प्राकृतिक बहावलाई अवरोध पुर्याइ किनाराहरु अतिक्रमण गरेर सम्भावित कटान, पहिरो जस्ता जोखिम युक्त क्षेत्रमा संरचना निर्माण गरी वसोवास नगरौं। नदी कटान, पहिरो रोकथाम तथा माटोको संरक्षणका लागि बनाइएका संरचनाहरुको सम्भार र संरक्षण गरौं। जलवायु परिवर्तनप्रति सचेत रहौं। वर्षाको पूर्व जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको धधध।जथमचयजियनथ।नयख।लउ वेबसाइटको सूचनाहरुबाट सु–सूचित रहौं ।

**खानेपानी, सिचाई तथा उर्जा मन्त्रालय**
**कोशी प्रदेश, विराटनगर**

## हल्दीवारी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
झापा द्वारा



### लामखुट्टेको टोकाईबाट बच्नुहोस् ।

डेंगु संक्रमणबाट आफू र आफ्नो परिवारलाई बचाउनका लागि सावधानी अपनाउनुहोस् ।




## विराटनगर महानगरपालिका

वडा नं. ७ को कार्यालय
मोरङ द्वारा

### जनहितमा जारी सन्देश

१) सरसफाईमा ध्यान दिऊँ र घर वरिपरी बोट बिरुवा लागाऊँ ।
२) पृथ्वीमा भइरहेको वातावरण परिवर्तनको कारणले स्वास्थ्यमा हानिकारक भई जन धनमा ठुलो समस्या भएकोले वातावरण सँग खेलवाड नगरौं ।
३) सलाई, साईटर जस्ता आगो बाल्ने सामाग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठिक नभाएका व्यक्तिहरुले भेट्ने ठाउँमा नराखौ ।
४) नेपालको संविधानले जातजाती भेदभाव विरुद्ध कानुन भएकोले जातीय भेदभाव नगरौं ।
५) खाना पकाईसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्यास प्रयोगकर्ताले चुलो रेगुलेटर तथा लाईटर आदी समय समयमा निरिक्षण गरौ ।
६) चुरोट, बिडीजस्ता वस्तुहरु प्रयोग पश्चात जथाभावी आगो नफालौ र आगो राम्रोसँग निभौ ।
७) पेट्रोल, डिजेल, ग्याँस जस्ता प्रज्वलनशिल वस्तुको वरिपरि सलाई लाईटर जस्ता सामाग्रीको प्रयोग नगरौ ।
८) आगलागीका घटना भएमा तत्कालै दमकल, सुरक्षाकर्मी र संचार माध्यममा खबर गरौ ।
९) आगलागीका घटना घटेमा महिला, बालबालिका, बुद्धवृद्धा तथा अशक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं ।
१०) सडक वरिपरी पशु चौपाया छाडा नछोडौं ।